आज मिति २०८०/०३/०९ गतेका दिन यस पलाँता गाउँपालिका अध्यक्ष श्री विष्णु बहादुर रोकाया ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न तपसिलका प्रस्तावहरु माथी छलफल गरी निर्णय गरियो।

तपसिल:-

१, श्री विष्णु बहादुर रोकाया - गा. पा. अध्यक्ष
२, श्री अलेपुरा जैसी - गा.पा. उपाध्यक्ष
३, श्री मनरुप न्यौपाने - वडा नं.-१ अध्यक्ष
४, श्री भिम प्रसाद न्यौपाने - " -२ "
५, श्री बाँचे कामी - " -३ "
६, श्री तिलक बहादुर बुढा - " -४ "
७, श्री तिलक बहादुर बम - " -५ "
८. श्री जान रोकी - " -६ "
९, श्री कल बहादुर बम - " -७ "
१०, श्री गगन बहादुर बम - " -८ "
११, श्री मानसिंह बम - " -९ "
१२, श्री मन्जन सार्की - कार्यपालिका सदस्य
१३, श्री मार्गे कामी - " "
१४, श्री भाउरी कामी - " "
१५, श्री कबिता बम " "
१६, श्री सम्झना वि.क. " "
१७ श्री जमना कामी " "
१८ श्री कर्म सिं बम - नि.प्र.प्र.अधिकृत स.सचिव

आमन्त्रित

१९, श्री गोपाल बोहरा - लेखा प्रमुख
२०, श्री विकास महतारा - सूचना प्रविधि अधिकृत
२१, श्री बिअराज बम - लेखा सहायक
२२, श्री धुप बहादुर बुढा - प्रशासन सहायक
२३ श्री कल बहादुर भण्डारी - शिक्षा शाखा प्रमुख
२४ श्री धन प्रसाद न्यौपाने - स्वा. शाखा प्रमुख
२५. श्री ~~प्रकाश~~ शाही - का.स.

प्रस्तावहरु

१, पलाँता गा.पा.को आ.व. २०८०/०८१ को निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने सम्बन्धमा।

२, पलाँता गा.पा.को आ.व. २०८०/०८१ को गाउँसभाको १२ औं अधिवेशन उद्घाटन गर्ने सम्बन्धमा।

क्रमशः २

३, पलाँता गा.पा. को बन्दशत्र संचालन सम्बन्धमा ।
४, विविध ।

निर्णयहरु :-

निर्णय नं. १ प्रस्ताव नं. १ माथी छलफल गर्दा यस पलाँता गा० पा० को गाउँसभाको १२ औं अधिवेशनमा पलाँता गा. पा. को आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट माथी छलफल गरी गाउँसभामा पेश गर्नका लागी सर्व सहमत बाट पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा यस पलाँता गा० पा० को आ०व. २०८०/०८१ को गाउँसभाको १२ औं अधिवेशन पलाँता गा.पा. को श्री सरस्वती मा.वि. थिर्पू पलाँता-६ को प्राङ्गणमा मिती २०८०/०३/१० गते उद्‌घाटन समारोह संचालन गर्ने निर्णय सर्वसहमत बाट पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा पलाँता गा०पा० को आ.व. २०८०/०८१ को गाउँसभाको १२ औं अधिवेशन को बन्दशत्र गाउँसभा उद्‌घाटन समारोह सम्पन्न भईसके-पछि मिती २०८०/०३/११ गते बिहान १०:०० बजे बाट - संचालन गर्ने निर्णय सर्व सहमत बाट पारित गरियो ।

क्रमश: २

आज मिति २०८०।०३।१० गतेका दिन यस पलाँता गाउँपालिकाका अध्यक्ष श्री विरज बहादुर शेकाया ज्यू को अध्यक्षतामा पलाँता गाउँपालिकाको गाउँसभाको १२औं अधिवेशन संचालन भई तपसिलका प्रस्तावहरु माथी छलफल गरी निर्णय पारित गरियो ।

तपसिल :-

| | | | |
|---|---|---|---|
| १ | श्री | विरज बहादुर शेकाया | सभा अध्यक्ष |
| २ | " | अलिपुरा जैसी | " उपाध्यक्ष |
| ३ | " | मनरुप न्यौपाने | वडा अध्यक्ष - वडा नं.१ |
| ४ | " | भिम प्रसाद न्यौपाने | " " - " - २ |
| ५ | " | बाँचे कामी | " " - " ३ |
| ६ | " | तिलक बहादुर बुढा | " " - " - ४ |
| ७ | " | तिलक बहादुर बम | " " - " - ५ |
| ८ | " | ज्ञान रोकी | " " - " - ६ |
| ९ | " | कल बहादुर बम | " " - " - ७ |
| १० | " | गगन बहादुर बम | " " - " - ८ |
| ११ | " | मानसिंह बम | " " - " - ९ |
| १२ | " | मनजित सार्की | का.पा. सदस्य |
| १३ | " | मागे कामी | " " |
| १४ | " | कबिता बम | " " |
| १५ | " | सम्झना वि.क. | " " |
| १६ | " | झाउरी कामी | " " |
| १७ | " | जमुना कामी | " " |
| १८ | " | कर्म सिं बम | नि.प्र.प्र. अधिकृत सचिव |
| १९ | " | आईती भण्डारी | सभा सदस्य - १ |
| २० | " | देउकला सार्की | " " - १ |
| २१ | " | औधाने कार्की | " " - १ |
| २२ | " | दर्शना प्याकुरेल | " " - २ |
| २३ | " | आईते सार्की | " " - २ |
| २४ | " | बिजुलाल प्याकुरेल | " " - २ |
| २५ | " | दर्शना शेकाया | " " - २ |
| २६ | " | नैनानन्द न्यौपाने | " " - ३ |

२७, श्री देउ बुढा — सभा सदस्य वडा नं. ३

२८ " तेजना अधिकारी " " " - ४

२९ " छेपु किटालु " " " - ४

३० " नरजन महतारा - ४

३१ " हस्त बुढा " " - ४

३२ " सुरेश शाही " " - ५

३३ " बाजबहादुर बम " " - ५

३४ " रूपकेशा बुढा " " - ६

३५ " जडेनी कामी " " - ६

३६ " केवु बुढा " " - ६

३७ " सर्प धामी " " - ६

३८ " देवी बम " " - ७

३९ " नन्द बहादुर बिष्ट " " - ७

४० " टेकबहादुर बम " " - ७

४१ " सम्झना बम " " - ७

४२ " आकृती सार्की " " - ८

४३ " सर्जन बम " " - ८

४४ " गणेश बहादुर बम " " ८

४५ " चाँदनी शाही (बम) " " - ९

४६ " टीका नेपाली " " - ९

४७ " टम्मर बम " " - ९

४८ " राज बहादुर बम " " - ९

४९ " मिना कुमारी रावत (वि.ज.) जिल्ला समन्वय समिति

५० " पदम बहादुर वि.क. ने.क.पा. जिल्ला सेक्रेटरी

५१ " मान बहादुर भण्डारी, ने.क.पा. माओवादी केन्द्र [illegible]

५२ " केशर सिंह बम - ने.का. प्रतिनिधि

५३ " मानबहादुर रोकाया ने. वि. संघ कर्णाली प्रदेश अध्यक्ष

५४ " लोकबहादुर बम ने.का.पा. [illegible]

५५ " खेमराज महतारा ने.क.पा. माओवादी केन्द्र अध्यक्ष

५६ " अनरुप सुनार ने.क.पा. [illegible] [illegible]

५७ " राज बहादुर बम

५८ " सिंहमल रोकाया - भ.ज.गा.वि.स. [illegible]

५९. श्री लंक बहादुर बम - नेपाल नि. क.प्र. ...
६० कुल ब बम - आदीवासी कर्मचारी ट्रेड युनियन
६१ नरेन्द्र ब. बम - भू.पु. गा.वि.स. प्रधान थिर.गा.वि.स
६२ बिर्दि वि.क. - भू.पु. वडा अध्यक्ष - वडा नं. २
६३ कर्ण ब. रोकाया - भू.पु. वडा अध्यक्ष - वडा नं. ३
६४ मागो कामी - वडा नं. ६
६५ रविन्द्र वि.क. - शाउड सिस्टम
६६ कालीराम थारु - ई.प्र.का. प्रमुख
६७ गोरख ब. बम - नेपाल रेडक्रस सभापति
६८. बाँचे रोकाया - वडा नं. ३
६९ नवराज कुवर - ६
७० बिर्ज ब. हमाल - १ ३
७१ काशि प्रसाद न्यौपाने - १
७२ बालभक्ति न्यौपाने - १
७३. ~~... बम~~ रंगिता वि.क.
७४ सुना भण्डारी - वडा नं. १
७५ मायादेवी रोकाया
७६ हेउकला सार्की
७७ रूपकला न्यौपाने
७८. पानदेवीका रोकाया
७९ पानसरा कामी
८० लक्ष्मीकला कामी
८१. बेसरा वि.क.
८२ सपना वि.क.
८३. रुवी वि.क.
८४ सन्की वि.क.
८५. सविता कुमारी बं
८६ नीलासेरा रोकाया
८७ पवित्रा न्यौपाने
८८ शंकर न्यौपाने
८९ रुकमकी थामी
९० धर्म ब. कुंवा

९१. श्री नरेन्द्र वि.क. – वडा नं ५
९२ " रजन बम – "
९३ " मनकराज बम – " ६
९४ " बितोल बम
९५ " नहकुल बम
९६ " निशान बम
९७ " धौन्डी बम
९८ सर्पनिन्द न्यौपाने वडा नं. १
९९ ओरेब म्याकुरेला " २
१०० रत्नप्रसाद न्यौपाने वडा नं. २
१०१ नेत्रराज रोकाया वडा नं ३
१०२ कमल रोकाया
१०३ हेमराज गिरी . सुरक्षाकर्मी
१०४ दिपक कुमार वि.क. " "
१०५ डिल्ला बम
१०६ कमल बम
१०७ काशी भण्डारी
१०८ लक्ष्मी न्यौपाने
१०९ गोरे न्यौपाने
११० तुलराज बम
१११ देवजर रोकाया
११२ विराज बम
११३ नौविन्द बम
११४ अश्विन न्यौपाने
११५ धर्मराज रोकाया
११६ धर्मसिंह धामी - अखिल नेपाल किसान महासंघको ...
११७ पदमराज न्यौपाने
११८ अम्म बम
११९ सर्वदित वि.क.
१२० सुवास तिवा
१२१. उजन वि.क.
१२२. सुर वि.क.

१२३ श्री कर्ण वि.क. भु.पू. वडा सदस्य १८ जे.६
१२४ " लोकेन्द्र बुढा
१२५ " कमल रोकाया
१२६ " राज ब० बुढा
१२७ कविता बम
१२८ सपना बम
१२९ कुशललाल न्यौपाने
१३० मुनादेवी बम
१३१ निर्मला शाही (बम)
१३२ रेना शाही (बम)
१३३ जल ब० महतारा
१३४ जनक रोकाया
१३५ नन्दा बम
१३६ मिना शाही (बम)
१३७ शुक ब० चौधरी - साना किसान लघु वित्त
१३८ कबिर बिष्ट
१३९ सुरज बिष्ट - नविल बैंक लि.
१४० मुकेश बम श्री जनजागरण उ.मा.वि. प्र.अ.
१४१ धर्मराज बुढा
१४२ जय बुढा
१४३ सेते बिष्ट
१४४ निलविक्रम बम
१४५ मुस्कान बम
१४६ सुनिल बम
१४७ जयराम धामी
१४८ दयाल सिंह बम
१४९ कमल बम
१५० भरत बम
१५१ पञ्च ब. शाही
१५२ खड्गलाल प्याकुरेल
१५३ हिक्मत प्याकुरेल
१५४ उज्जराज प्याकुरेल

१५५४ सुरेन्द्र बी. खवाँण — वडा नं. ८
१५६ ॥ रमेश थापा — ईन्सेक
१५७ ॥ भुपेन्द्र ब. शाही — MDI Nepal
१५८ ॥ जोरा सिंह कुंवर — MDI Nepal
१५९ ॥ शेर ब. वि.क. — himinui Kaiker
१६० ॥ शक्त ब. बम —
१६१ ॥ अम्म भण्डारी
१६२ ॥ महेन्द्र बम
१६३ ॥ चन्द्र वि.क.
१६४ ॥ नविनराज बम
१६५ ॥ दान ब. रोकाया
१६६ ॥ जोर्मराज बम
१६७ ॥ विरेन्द्र बम
१६८ ॥ गजेन्द्र बम
१६९ ॥ प्रेम बम
१७० ॥ नमराज धामी
१७१ ॥ जय ब. धामी
१७२ ॥ सितल ब शाही
१७३ ॥ शिवनारायण मण्डल
१७४ ॥ चिर्के ब. भण्डारी
१७५ ॥ चिर्के ब. खत्री
१७६ ॥ धनविर खत्री
१७७ ॥ जय प्रसाद भण्डारी
१७८ ॥ दिल ब. बम
१७९ ॥ निलविक्रम बम
१८० ॥ धनमान सिंह बम
१८१ ॥ मान ब. विष्ट
१८२ ॥ विपिन बम
१८३ ॥ लिलान बम
१८४ ॥ लोकेन्द्र न्यौपाने
१८५ ॥ जयनन्द प्याकुरेल
१८६ ॥ सिंगे सार्की

१८७ श्री दुर्गा सेजुवाल

१८८ " पदम ब- कठायत

१८९ " दमन बम

१९० " आशित बम

१९१ " मै ब. बम

१९२ " धनजन सेजुवाल

१९३ " अली ब बम

१९४ " पुरे कुयोपाते

१९५ " आदर्श चापागाई

१९६ " धन ब. बम

१९७ " नविन बम

१९८ " राज ब. शाही

१९९ " रतन रोकाया

२०० " देवसङ्ग शाही

२०१ " अमर ब. बम

२०२ " खराज बम

२०३ " भरत बम

२०४ " बाँचे तिरुवा

२०५ " दल तिरुवा

२०६ " यवराज बुढा

२०७ " चन्द्रराज वि.क.

२०८ " राज ब. बम

२०९ " सुर्ज ब. बम

२१० " भुवन बम

२११ " डिपेन्द्र बम

२१२ " जीर ब. बम

२१३ " डम्मर ब. बम

२१४ " बीरब. रोकाया

२१५ " करन वि.क.

२१६ " डेवी वि.क.

२१७ " आवेराज बम

२१८ " विरेन्द्र बम

२१९ श्री लाल ब. कार्की
२२० " देहमान भण्डारी
२२१ " राजेन्द्र रोकाया
२२२ " अशोक विश्वकर्मा
२२३ " महेन्द्र प्र. भट्ट
२२४ " दान ब. वि.क.
२२५ " कर्ण सुनार
२२६ " कबीर रोकाया
२२७ " नयाँराज बम
२२८ " तपेन्द्र संग्याल
२२८ " मोहनवीर बम
२२९ " टक ब. बिष्ट
२३० " मान ब. सुनार
२३१ " रतन बम
२३२ " धन ब. वि.क.
२३३ " धन ब. रोकाया
२३४ " नवराज बिष्ट
२३५ " सर्पराज बुढा
२३६ " प्रेम बहादुर बम
२३७ " नयाँराम सार्की
२३८ " जवारी सिंह
२३९ " सौबन्द महतारा
२४० " दल ब. रोकाया
२४१ " भरत रोकाया
२४२ " जुलफ वि.क.
२४३ " अनिल ब. बम
२४४ " धनवीर भण्डारी
२४५ " डेउले भण्डारी
२४६ " बाँधे बुढा
२४७ " नरी बुढा
२४८ " दलराज महतारा
२४९ " आकाशी खटानु

२५० श्री अम महतारा
२५१ ॥ आलेराज महतारा
२५२ ॥ सिराजन बम
२५३ ॥ दिपेन्द्र बम
२५४ ॥ धर्मलाल न्यौपाने
२५५ ॥ सर्जन प्याकुरेल
२५६ ॥ देव वि.क.
२५७ ॥ रन वि.क.
२५८ ॥ आली ब. थामी
२५९ ॥ कन्त ब. रोकाया
२६० ॥ धनमानसिंह रोकाया
२६१ ॥ बलीराज बुढा
२६२ ॥ धीर वि.क.
२६३ ॥ भल ब. बम
२६४ ॥ केशपुरा बुढा
२६५ ॥ सावित्रा बम
२६६ ॥ सुरेश बम
२६७ ॥ वीर ब. वि.क.
२६८ ॥ धनराज सार्की
२६९ ॥ बल ब. हमाल
२७० ॥ कमल रोकाया
२७१ ॥ हर्ष ब. बम
२७२ ॥ बिउरा कामी
२७३ ॥ अन्जु बम
२७४ ॥ सरला बम
२७५ ॥ सुरेन्द्रा बम
२७६ ॥ अस्मिता बम
२७७ ॥ वनकला बम
२७८ ॥ गिता खत्री
२७९ ॥ अनिपाल नेपाली
२८० ॥ भिमराज रोकाया
२८१ ॥ चन्द्र रोकाया

२८२ श्री पदम ब. रोकाया
२८३ " प्रकाश बम
२८४ " परिमल विष्ट
२८५ " चिरिलाल नेपाली
२८६ " डेवराज भैरती
२८७ " प्रकाश न्यौपाने
२८८ " कविराज भण्डारी
२८९ " नन्दसिंह धामी
२९० " ईलाम महरा
२९१ " मदन बम
२९२ " शंकर बम
२९३ " भिम ब. शाही
२९४ " श्याम बिष्ट
२९५ " सुजित धामी
२९६ " अनिल विष्ट
२९७ " केशु रोकाया (न्यौपाने)
२९८ " अस्मिता उपाध्याय
२९९ " हिरा थापा
३०० " बिष्णु कु. बम
३०१ " विस्मता बम
३०२ " टिका धिमिरे
३०३ " धिर ब. भण्डारी
३०४ " महेन्द्र तामाङ
३०५ " रामदत्त बडु
३०६ " अतुल मल्लासी
३०७ " प्रकाश शाही
३०८ " सागर बोहरा
३०९ " अर्जुन कु. बिष्ट
३१० " भिम ब. बस्नेत
३११ " जंग ब. भण्डारी
३१२ " पदम ब. शाही
३१३ " सरिता शाही

३१४ श्री बिआराज बम
३१५ " विकास महतारा
३१६ " अम्बीका न्योपाने
३१७ " अप्सरा विश्वकर्मा
३१८ " जय व० बम
३१९ " सतल बम
३२० " शान्ति भट्टराई
३२१ " प्रेमराज सिम्खडा, रेडियो नयाँ कर्णाली कालीकोट
३२२ " रमेश बहादुर बुढा प्राइम टाइम्स दैनिक नेपाल
३२३ " दुर्पेन्द्र के रोई कर्णाली संचार
३२४ " केशव शाही सगरमाथा टेलिभिजन
३२५ " रत्न कार्की रेडियो प्रदेश आवाज अध्यक्ष
३२६ " राजकं. बम. बहुक्षेत्रिय पोषण स्वयम सेवक
३२७ " दुप बहादुर बुढा [illegible]
३२८ " कल बहादुर भण्डारी शिक्षा शाखा प्रमुख
३२९ " ध्यन प्रसाद न्योपाने - स्वास्थ्य शाखा प्रमुख
३३० " हिमाल संग्पाल अस्पताल प्रमुख
३३१ " भरत कुमार बस्नेत सुरक्षा कर्मी
३३२ " खेम पौड्याल " "
३३३ " भिम वि.क. - स्थानीय कलाकार
३३४ " डम्बर जंग शाही पलाता अस्पताल
३३५ " विरेन्द्र के. सि. कृषि शाखा
३३६ " गोपाल बोहरा - लेखा प्रमुख

"स्वच्छ,समृद्ध र सुसँस्कृत पलाँता"
आर्थिक वर्ष २०८०/८१ को बजेट

आर्थिक वर्ष २०८०/८१ को आय र व्ययको विवरण

आदरणीय गाउँ सभाका उपाध्यक्ष ,वडा अध्यक्ष एवम सभाका सदस्य ज्युहरु तथा जनसमुदायहरु,
सम्मानित गाउँ सभाका प्रमुख अतिथि,विशेष अतिथि तथा दाजुभाई एवम दिदिवहिनिहरु अव म आर्थिक वर्ष २०८०/८१ को (बजेट) आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आय तर्फ

१. संघिय सरकार

क. वित्तिय समानिकरण अनुदान =रु ९ करोड २५ लाख
ख. सशर्त चालु तर्फ =रु १७ करोड ९२ लाख
ग. सशर्त पुजिगत तर्फ = रु २ करोड ९० लाख
घ. विशेष अनुदान तर्फ =रु १ करोड ८० लाख
ङ. समपुरक अनुदान तर्फ = रु ५० लाख
च. राजस्व वाँडफाड तर्फ = रु ८ करोड ९८ लाख ७७ हजार ६ सय

जम्मा संघिय अनुदान रकम रु ४१ करोड ३५ लाख ७७ हजार ६ सय ।

२. प्रदेश सरकार

क. वित्तिय समानिकरण अनुदान तर्फ =रु १ करोड ५ लाख ५६ हजार
ख. सशर्त चालु अनुदान तर्फ =रु ५१ लाख ४० हजार
ग. सशर्त पुजिगत अनुदान तर्फ =रु १ करोड ३५ लाख
घ. विशेष अनुदान तर्फ =रु ३० लाख
ङ. समपुरक अनुदान तर्फ =रु १ करोड ५० लाख
च. राजस्व वाँडफाड तर्फ =रु ३ लाख ९१ हजार ३ सय ४३

जम्मा प्रदेश अनुदान रकम रु ४ करोड ७५ लाख ८७ हजार ३ सय ४३

३. आन्तरिक श्रोत (अनुमानित)

क. आन्तरिक आय = २५ लाख
ख. मौज्दात रकम = १ करोड

जम्मा आन्तरिक श्रोत रकम रु १ करोड २५ लाख

जम्मा गाउँपालिकाको आ.व. २०८०/८१ को बजेट रकम रु =४७ करोड ३६ लाख ६४ हजार ९ सय ४३

## “स्वच्छ,समृद्ध र सुसंस्कृत पलाँता”

## आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,

सम्मानित गाऊँ सभाका उपाध्यक्ष,वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य, सम्पुर्ण गाउँ सभाका सदस्य ज्युहरु, प्रमुख प्रसासकिय अधिकृत,कृयासिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्युहरु उपस्थित सबै राष्ट्रसेवक कर्मचारि ज्युहरु,शिक्षक कर्मचारी, सुरक्षा कर्मी, वुद्धिजिवी,पत्रकार, सहित परिवार, घाईते तथा अपाङ्ग, संघ संस्थाका परिनिधि, जेष्ठ नागरिक, समाज सेवि तथा वुद्धिजिवि ज्युहरु र यस सभामा उपस्थित आम आदरणिय आमा बुवा ,दाजु, भाई दिदी बहिनी, युवा साथीहरु यस पलाँता गाऊँपालिकाको १२ औँ गाउँ सभामा नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ ले प्रदत्त गरेका अधिकार सहित गठित यस पलाँता गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा हाम्रो निमन्त्रणालाई स्विकार गरि उपस्थित भई सहयोग गरिदिएकोमा कालिकोट जिल्ला समन्वय समितिका उपप्रमुख यस सभाका प्रमुख अतिथि श्री मिना रावत (बि.क) ज्यु लगायत सम्पूर्ण अतिथिहरुमा मेरो व्यक्तिगत र गाउँपालिकाको तर्फवाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु।

**आदरणीय गाँउसभाका उपाध्यक्ष, वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

नेपालको संविधान २०७२ जारी भएपछि दोस्रो कार्यकाल स्थानिय तहको निर्वाचन भएको दुई वर्ष शुरुवातिको बर्ष पश्चात पलाँता गाउँपालिकाले दोस्रो वर्षको वजेट ल्याउने कुराको प्रारम्भ भएको छ। यस गौरव पुर्ण परिवर्तन,नेपालि जनताको न्याय पुर्ण परिवर्तन, स्वतन्त्रता, लोकतान्त्रिक गणतन्त्र, न्याय, राष्ट्रियताको पक्षमा भएका विभिन्न काल खण्डका व्यवस्था परिवर्तन, स्वतन्त्रताका आन्दोलन, जनयुद्ध, मधेस आन्दोलन र पटक पटकका न्याय पुर्ण आन्दोलनका क्रममा र संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि जिवनको बलिदानी गर्नु हुने यो देसका भुमि पुत्र सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु। साथै वेपत्ता,घाइते, अपांङ, जेलवन्दि तथा देस भक्तिका खातिर सामाजिक , न्यायपुर्ण परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै आदरणिय र अग्रजहरु प्रति हृदय देखि नमन् गर्दछु। महान योद्धाका परिवारजनमा उच्च सम्मान व्याक्त गर्दछु।

नेपालको पश्चगामी सोच सहितको एकात्मक राज्य व्यवस्थाले नेपाली जनताका तमाम इच्छा,आकांक्षा, र आवश्यकतालाई सम्वोधन गर्न नसकेको परिणाम स्वरुप देस संघियताको संरचना निर्माण पश्चात स्थानिय तह मुताविक सिंहदरबारको अधिकार गाउँ घरमा आएको छ। राज्य पुनः संरचनाको क्रममा

यस पलाँता गाउँपालिकाको स्थापना भएको कुरा हामी सबैलाई अवगत नै छ। लोकतन्त्रको रक्षा गर्दै स्थानिय पलाँता वासीको समग्र विकास,समृद्धि र सुरक्षामा अहोरात्र पलाँता गाउँपालिका सरकार लागि रहेको छ र लागि रहने प्रतिवद्धता व्यक्त गर्दछ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष, वडा अध्यक्ष, सभाका सदस्य ज्यूहरु एवम जन समुदायहरु,**

प्राकृतिक सुन्दरता, भौगोलिक तथा ऐतिहासिक महत्वका दृष्टिले प्रसस्त सम्भावना बोकेको स्थानिय तहको आन्तरिक आय स्रोत नभएकाले पलाँता गाउँपालिका विकासको शिलशिलामा कछुवाको गतिमा अगाडि वढेको देखिन्छ। आगामि आर्थिक वर्षलाई विकास र समृद्धि वर्ष हुने गरि अगाडि वढाउने लक्ष्यका साथ स्थानिय सरकारका हरेक योजनाहरुलाई अगाडि वढाईने छ। वजेट विनियोजन तदअनुसार गरिने लक्ष्य राखेको छ। नेपालको संविधान २०७२ स्थानिय सरकार संचालन ऐन २०७४ संघिय सरकार तथा प्रादेशिक सरकारबाट विभिन्न समयमा जारि गरिएका नीति, कानुन तथा महत्वपुर्ण सुझाव यस पलाँता गाउँपालिका बाट जारी भएका विभिन्न नियमावली, कार्यविधी, आचार संहित कानुनको परिधी भित्र रही राजस्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको बैठकले गरेका निर्णय,गाउँकार्यपालिकामा विभिन्न मितिमा निर्माण भएका कार्यविधी र कानुनको अधिनमा रही जनताका आवश्यकता तथा प्राथमिकिकरणलाई ध्यानमा राखी आर्थिक वर्ष को बजेटको आधारशिलाको रुपमा यस पलाँता गाउँ पालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम निर्णय पारित गरिएको छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष, वडा अध्यक्ष, सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

अब म यस पालँता गाउँ पालिकको आर्थिक वर्ष २०८०| ०८१ को नीति तथा कार्यक्रमको उद्देश्य र मार्ग सिद्धान्तहरुका विषयमा प्रकाश पार्ने अनुमति चाहान्छु। नेपालको संविधान २०७२, प्रदेश सरकारका विभिन्न ऐन तथा कार्यविधि र स्थानिय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गिकरण तथा बाँडफाड सम्बन्धि मापदण्ड र चालु आर्थिक बर्षको केन्द्रिय तथा प्रदेश बजेट वक्तव्यका यि दस्तावेजहरु नै स्थानिय तहको नीति, योजना, कार्यक्रम र बजेट निर्माण गर्ने मार्गदर्शक सिद्धान्त रहेको छ।

आदारणिय गाँउसभाका उपाध्यक्ष,सभाका सदस्य ज्यूहरु एवम जन समुदायहरु,

अब म आर्थिक बर्ष २०८०/ ०८१ का लागि पलाँता गाउँपालिकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहान्छु।

**१) आर्थिक विकास क्षेत्र:**

**क) कृषि तथा भुमि व्यवस्था:**

अ) कृषी पेशालाई व्यवसायीकरण, सम्मानित र मर्यादित पेशाको रुपमा विकसित गर्नको लागि यस पलाँता गाउँपालिकाको प्रमुख पेशाको रुपमा रहेको कृषीको व्यावसायीकरण, वैज्ञानिक तथा आधुनिकिकरण बिना हाम्रो गा.पा. मा अर्थतन्त्रमा गुणात्मक तथा परिणात्मक सुधार हुन नसक्ने कुरालाई बोध गर्दै कृषि प्रणालीलाई आधुनिकिकरण, भूगोल अनुसार, वातावरण तथा जल वायू अनुकुलन बनाउदै आर्थिक समृद्धिको दिगो आधार तयार पार्ने नीति लिईने छ ।

१) यस गाउँपालिकाको प्रमुख संभावनाको रुपमा रहेको नगदे वालि तथा रैथाने वालिलाई वृदि गर्न र पलाँति जनताको प्रमुख वालीको रुपमा विकास गराउन बिउमा उल्लेख्य अनुदान, आधुनिक प्रविधि साथै बालि जन्य रोग नियन्त्रण लगायत अन्य आवश्यकता अनुसार कृषी विज्ञ शहितको शिविर यसै बर्षबाट पालिका स्तरिय सञ्चालन गरिनेछ।

२) स्थानिय कृषि तथा भू-उपयोग नीति तयार गरि सकेकोले सरकारी, सार्वजनिक र ऐलानी जग्गाहरुको संरक्षणमा जोड दिइनुका साथै भूगोल र वातावरण अनुसारको फलफुल,नगदे वालि र रैथाने वालि उत्पादनलाई जोड दिइनेछ।

३) कृषि भू-उपयोग नीति वनि सकेकोले प्राकृतिक तथा भौगोलिकताको आधारमा यस गा.पा.को जमिनलाई तिन खण्डमा वर्गिकरण गरेर विकास गर्ने नीति अवलम्बन गरिनेछ।

अ) वडा नं १ देखि ९ सम्मको आवादी भू-गोललाई रैथाने वालि चिनु,कागुनु,कोदो,फापर लगायतका विभिन्न कागती,सुन्तला, टिमुर जस्ता वाली र बहुवर्षिय फलफुल उत्पादन क्षेत्रको विकासको कार्यक्रम यसै वर्षबाट अगाडी बढाउन विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साझेदारि गरि यसै वर्षबाट व्यवस्थित उत्पादन गर्ने नीति लिइनेछ।

आ) गाउँपालिकाको उत्तर तिर रहेको माथिल्लो लेकाली भुगोलको सम्भावित क्षेत्रमा शुरु गरिएको स्याउ,ओखर, किविका साथै सतुवा , चिराइतो जस्ता बहुमुल्य जडिबुटी खेतिलाई व्यवस्थित गर्ने नीति यसै वर्षबाट अगाडि बढाइने छ।

इ) पलाँता गाउँपालिका वाडा नं १ देखि ९ सम्मको सिंचाई योग्य जमिनलाई नगदे तथा तरकारी खेतिको रुपमा विकास गरिनेछ ।

४) नाङगा डाँडा पाखा तथा घरबारी बगैचामा फलफुल बगैचा स्थापना,कृषक तालिम,कृषि मेला प्रदसनी,साना सिंचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार,तरकारी,नर्सरी,फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन,घाँस खेती प्रवर्द्धन सहकारी समुह र एकल व्यवसाय मार्फत बाख्रा,भेडा, कुखुरा भैसि पालन फर्म विकास कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

५) "एक वडा एक महिला समुह गठन गरि शुरु गरिएको **कृषिमा महिला-आत्म निर्भर पहिला"** नीति लाईनिरन्तरताका साथ विस्तार गरिने छ।

६) कृषक तथा पशुपालकको मनोवल उच्च राख्न **"अध्यक्ष-उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम"** यसै वर्षबाट शुरु गरिनेछ।

७) स्थानिय उत्पादनबाट कृषकहरुको मनोबल उच्च राख्नको साथै अधिकतम् लाभ लिई जिविकोपार्जनमा विकास गरि उत्पादनको भण्डारण बजारिकरणका साथै कृषि सामाग्रिको सहज आपुर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र,सिप भण्डारण,एग्रोभेट स्थापना गर्ने कार्य यसै वर्षबाट शुरुवात गरिनेछ। साथै संघ संस्था निजि क्षेत्र तथा सहकारी र समुहलाई व्यापक परिचालन गर्ने नीतिको शुरुवात यसै वर्षबाट गरिने छ।

८) पालिकामा उत्पादित रैथाने वालीलाई पालिका स्तरिय संकलन तथा विक्री केन्द्र स्थापना गर्ने नीति लिइने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**ख) पशुपंक्षी विकासः**

१) पशुपंक्षी विकासको सम्भाव्याता अध्ययन गरि पशुपंक्षी पकेट क्षेत्रको निरन्तरताका साथै यसै आ.व. बाट थप क्षेत्रमा विस्तार गरिनेछ।

२) कृषकको क्षमता अभिवृदिका साथै पशुपंक्षि विकास सेवा केन्द्रहरुको स्तर उन्नती गरि पशु स्याहार तथा विकासका लागि आवश्यक नीतिहरु अवलम्वन गरिने छ।

३) यस गा.पा. मा किसान सुचिकरणमा दर्ता भएका उत्कृष्ट पशु तथा पञ्छी पालक कृषकहरुलाई एकल पशुपालक कृषक अनुदान उपलब्ध गर्ने नीति लिइने छ।

**ग) सहकारी, गरीवी निवारण,उद्योग तथा आपुर्तिः**

१) संघिय सरकारले अवलम्वन गरेका **"तिन खम्बे अर्थनीति"** अनुरुप सरकार,सहकारि र निजि क्षेत्रसंग सहकार्य, समन्वय गरि गरिवि न्युनिकरणको नीति अवलम्बन गरिने छ।

२) साना तथा घरेलु फलफुलको जाम, जुस निकाल्ने उद्योगको स्थापना गरि उत्पादन गर्ने उद्यमीलाई प्रोत्साहन रकमको व्यावस्था गरिने छ।

३) बहुसंख्यक जनतालाई कम भन्दा कम दुरिको यात्रामा बजार केन्द्र सम्म पहुच विस्तार गरिने छ।

४) अल्लो संकलन तथा प्रसोधन गरी अल्लोका सामाग्रीहरु उत्पादन गर्ने नीति लिइने छ।

५) साना तथा घरेलु उद्योग मार्फत ठेटुवा, स्वीटर,टोपी, पञ्जा,गलबन्दि आदि जस्ता सामाग्रिको उत्पादनलाई व्यवस्थित र व्यवसायी मुखि गर्ने नीति लिईने छ।

**घ) श्रम तथा रोजगारीः**

१) रोजगारी सृजना गर्नका लागि प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम प्रभाकारी रुपमा कार्यन्वयन गरिने छ।

२) श्रम प्रतिको सम्मान गर्दै स्वरोजगार भएका र व्यवस्थित रुपमा व्यावसाय गर्न आर्थिक अवस्था कमजोर भएका कृषकहरुलाई लगानिको दायरा वढाउनुका साथै वैदेशिक रोजगारिबाट घर फर्किएकाहरुलाई सिप, दक्षेता र अनुभवका आधारमा स्थानिय स्तरमा नै व्यवसाय संचालन गर्न प्रोत्साहन गरिने नीति लिइने छ ।

३) स्थानिय स्तरमा रोजगारी सिर्जनाका लागि विभिन्न प्रकारका कार्यक्रम संचालन गरिने छ।

ङ) पर्यटन विकास तथा प्रवर्द्धनः

१) पलाँताको पहिचान खुल्ने हाम्रो साँस्कृतिक संग जोडिएका सकरात्मक प्रभाव पार्ने रहन सहन , भेषभूषा संकलन गरी साँस्कृतिक मेला,प्रदसनिका माध्यामबाट प्रचार प्रसार गरिने छ।

२) पर्यटकीय स्थलको पहिचान गरि प्रवर्द्धनका कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा अगाडी वढाईने छ।

३) तल्सेरी,भतेडा, खेस्म हुदै रारा जाने पर्यटकिय मार्गको विकास गरी वैदेशिक र आन्तरिक पर्यटकलाई आकर्षण गरिने छ।

४) परम्परागत रुढीवादी अन्धविश्वासलाई प्रतिस्थापन गरि आधुनिक तरिकाले मेला पर्वको आयोजना गरी मनाईने छ ।

५) पलाँताको स्थानिय मातृ भाषाको खोजतलास गरि लिपिवद्ध गर्ने प्रक्रियाको शुरुवात गरिने छ।

६) पलाँता भित्र रहेका साँस्कृतिक सम्पदाको संरक्षण , सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने नीतिलाई अगाडि वढाईने छ।

७)न्यौपाने वन्धुको उद्धम स्थल पलाँता गाउँपालिकाको वडा नं. १ खाडालाई आन्तरिक तथा वाहय पर्यटकहरुलाई आकर्षित गर्नकालागी आगामी बर्ष बाट होम स्टे संचालनको नीति लिइने छ।

८) बम ठकुरीको उद्धगम स्थल पलाँता गा.पा. वडा नं. ८ अंगाउलाई आन्तरिक तथा वाहय पर्यटक आकर्षित आकर्षित गर्नकालागी आगामी बर्ष बाट होम स्टे संचालनको नीति लिइने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष, वडा अध्यक्ष, सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**२) भौतिक पूर्वाधार विकासः**

**(क) सडक,पुल तथा यातायात व्यवस्थाः**

१) यसै आर्थिक वर्ष कर्णाली प्रदेस जुम्ला जिल्लाको ओदि देखि पलाँता गाउँपालिका हुदै सुदुरपश्चिम प्रदेसको बाजुरा जिल्ला र कालिकोट जिल्लाको सिमाना राँफाडाँडा सडक खण्डको गुम्सु देखि कम सैन सम्मको सडकको ट्रेक खुलाउने कार्य सम्पन्न गरिनेछ।

२) पलाँता गाउँपालिकाको केन्द्र रानीविसौना देखि लोडे दुर्सि सडकको ट्रेक खुलाउने कार्य अगाडि बढाइनुका साथै सम्पन्न गरिनेछ।

३) थिर्पु,माछा पातिहाल्ना सडक जुम्लाको सिमाना सम्म निर्माण गर्न संघ , प्रदेस सरकार र स्थानिय सरकारको साझेदारिमा अगाडि बढाइने छ।

४) आगामि तिन वर्ष भित्र बहुसंख्याक वडा बासीहरुको आधा घण्टाको दुरिमा सार्वजनिक यातायातको पहुच विस्तार गरिनेछ।

५) मेलाटाउका, मेहेल्ने तल्सेरि, भतेडा सडकको वजेटको व्यावस्थापन गरि अगाडि वढाईनेछ।

६) जाज्ज दुर्सी हुदै फागोटी सडक निर्माण गर्न वजेटको व्यावस्था गरिनेछ।

७) पुलाहाँ राँफाडाँडा सडकको बाकि अधुरो कार्यलाई पुरा गरिनेछ।

८) अधुरा सडकहरुलाई गन्तब्यमा पुर्याईनेछ।

९) साझेदार निकायहरुको खोजी गरी पूर्वाधारको क्षेत्रमा लगानिकर्ताहरुसंग सहकार्य, समन्वय गरी विकास गरिनेछ।

१०) जाज्ज देखी रानिविसौना सम्म झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाइनेछ।

११) निर्माणाधिन सडकका पुलहरुलाई छिटो सम्पन्न गर्न पहल गरिनेछ।

१२) मुख्य, मुख्य खोलाका पुलहरुको निर्माण प्रक्रया अगाडि बढाउन पहल गरिनेछ ।

१३) निर्माण भएका सडकको स्तर उन्नती गर्न संघ,प्रदेस संगको सहकार्यमा समपुरक कोष मार्फत निर्माण कार्य अगाडी बाढाइनेछ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

१) पाँच वर्षिय आवधिक गुरु योजना निर्माण गरि सकेकोले निर्माण कार्य अगाडी बढाइनेछ।

**(ख) सिंचाई:**

१) भतेडा वृहत सिंचाई योजनाको लागी संघ,प्रदेसमा वजेटको व्यावस्थापन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२) अवरोध भएका साना तथा मझौला सिंचाई योजनालाई सुचारु गराउदै केही नयाँ सिंचाईका योजनाहरुको शुरुवात गरिनेछ।

३) ठुला र मझौला सिंचाई निर्माण गर्न संघ,प्रदेस र गैर-सरकारी संघ संस्था संग पहल गरिनेछ।

४) आधुनिक लिप्ट प्रविधि भित्राउनलाई केन्द्र तथा प्रदेश सरकार वा साझेदार संघ संस्था संग पहल गरिनेछ।

५) साना तथा मझौला सिंचाईका साथै फोहरा सिंचाई एवम् थोपा सिंचाई विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

६) आवश्यकता अनुसार सिंचाई पोखरी निर्माण गरिनेछ।

**(ग) भवन, आवास, वस्ति तथा शहरि विकास:**

१) यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न संघ सरकार र स्थानिय सरकारको समपुरक वजेटको लागि व्यावस्थापन गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

२) संघ तथा प्रदेस सरकारसंगको सहकार्यमा एकिकृत नमुना बस्ति निर्माणका साथै पहिरोको उच्च जोखिममा रहेका बस्ति स्थानान्तरण गर्न पहल गरिनेछ।

३) भवन निर्माण आचार संहिता २०७२ अनुरुप गाउँपालिका स्तरीय आचारसंहिता निर्माण गरी भवन निर्माण र बजार व्यावस्थापनको नीति ल्याईनेछ।

४) विद्यालय,स्वास्थ्य संस्थाहरुका आवश्यक भवन निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ।

५) वडा कार्यलय भवन नभएका वडाहरुमा भवन निर्माण गर्न पहल गरिनेछ।

६) सडक निर्माण गर्दा भत्केका व्याक्तिगत तथा सार्वजनिक पूर्वाधारहरुको जिल्ला दर रेट,प्राविधिक मुल्याङ्कनको आधारमा पुन निर्माणको लागि आर्थिक व्यावस्थापन गर्ने नीति लिईनेछ।

७) पलाँता गाउँपलिका केन्द्र आसपास देखि सैन सम्मको सरकारि जमिनको क्षेत्रफल छुट्याएर बस्ति विस्तार तथा बजारि करणको प्रक्रिया अगाडि बढाईने कार्यको शुरुवात गरिनेछ।

**आदरणी गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**घ) जलस्रोत,विद्युत तथा वैकल्पिक उर्जा:**

१) पलाँता गाउँपालिकामा यसै वर्षबाट राष्ट्रिय प्रसारण लाईन निर्माण प्रक्रियालाई अगाडि बढाउने नीति लिइनेछ।

२) सौर्य सडक बत्ति साथै विभिन्न सरकारी संस्थाहरु र वडा कार्यलय पालिकाका मुख्या मठ मन्दिरहरुमा समेत सौर्य बत्ति जडान गर्न पहल गरिनेछ।

३) यस गाउँ पालिकामा रहेका साना तथा मझौला लघु जलविद्युतलाई आवश्यकता र दिर्घकालिन हुने अवस्थाको पहिचान गरि मर्मत गरेर सवै वडामा लाईन बिस्तार र विद्युतिकरण गर्ने नीति लिइनेछ ।

४) साथै सम्भाव्याता अध्यान भएका केहि नयाँ आयोजनाहरु र तिव्गाड बाँध बाँधेर जलासय गर्ने र विद्युतको लागि संघ,प्रदेस र संघ संस्थाको सहकार्यमा निर्माण गर्न पहल गरिनेछ।

ङ) सुचना तथा संचारः

१) नेपाल टेलिकमको राडुनेटा स्थित टावरलाई व्यवस्थित गर्न टेलिकम संग पहल गर्ने र वडा नं ६ को केहि भू-भागमा टावरले काम नगरेकाले रिले टावरको लागि भाग्ममा राख्ने पहल गरिनेछ।

२) वडा,शैक्षिक संस्था, स्वास्थ्य संस्था र प्रशासकीय क्षेत्रमा इन्टरनेटको सुविधा जडान तथा व्यवस्थित गरिनेछ।

३) यस गाउँपालिकाको आफ्नै वेभसाइट ,फेसबुक पेज, गाउँपालिकाको मोबाइल एप्लिकेसन थप प्रभावकारी बनाइनेछ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जनसमुदायहरु,**

**३) सामाजिक विकास क्षेत्रः**

**क) शिक्षा विज्ञान तथा प्रविधीः**

१) यस पलाँता गा.पा. का सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याई विद्यालयमा निरन्तरताका लागी आकर्षक कार्यक्रम सञ्चालन गरिने छ।

२) पलाँता गाउँपालीका भित्र प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्नका लागी प्राविधिक विद्यालय सञ्चलनका लागी पहल गरिने छ।

३) एक आपसमा गाभिन चाहने विद्यालयहरुलाई गाभिए पछि शैक्षिक सुधारका लागि जनशक्ति तथा पूर्वाधारको लगि विषेस अनुदानको व्यवस्था गरिनेछ।

४) वालविकास केन्द्रलाई बालवालिकाको उपलब्ध संख्या र मुल्याङ्कनका आधारमा व्यवस्थित गरिने छ।

५) भौतिक रुपमा अती आवश्यक देखिएका विद्यालयको पहिचान गरी पूर्वाधार विकास कार्यक्रम गरिने छ।

६) मापदण्ड तयार गरी विद्यालयको नियमित अनुगमन तथा निरिक्षण गरिने छ।

७) आवश्यकताको आधारमा सामुदायिक अध्ययन केन्द्रलाई व्यवस्थित गरिने छ।

८) गरिव, जेहेन्दार र प्रतिभावान् विद्यार्थीलाई विषेश पुरस्कारको व्यवस्थापन गरिने छ।

९) शिक्षा सुधारका लागि गाउँ शिक्षा नीतिलाई समय सापेक्ष बनाइने छ। साथै कक्षा ५ र ८ को परिक्षालाई पालिका स्तरिय बनाउन अनिवार्य गरिने छ।

१०) शिक्षक, अभिभावक तथा विद्यार्थी बिच विज्ञहरुको उपस्थितिमा अन्तरक्रिया गरिने छ।

११) शिक्षक अभावको समस्यालाई न्युनिकरण गर्न कार्यविधि अनुसार स्वयम सेवक शिक्षक अनुदानलाई निरन्तरता दिइने छ।

१२) विद्यालयहरुमा खेलकुदको स्तर वृद्धि गर्नका लागी प्रत्येक मा.वि. मा कार्यरत खेलकुद क्षेत्रमा ज्ञान सिप भएको शिक्षकलाई जिम्मेवार बनाई प्रशिक्षण तालिम तथा खेल सामाग्रि उपलब्ध गराईने छ।

१३) पलाँता गाउँपालिका वडा नं ९ थिर्पुको श्री सरस्वती मा.वि. मा रहेको आवासलयलाई आवश्यकताको पहिचान गरि अनाथ तथा अपांङ्ग वालवालिकाको शिक्षा, स्वास्थ्य र आवासको व्यवस्थापन गरिने छ।

१४) पलाँता गाउँपालीकाको साक्षरता वृद्धिका लागी संघ-सँस्थाहरु संग सहकार्य गरी विद्यार्थी मार्फत सिक्दै सिकाउदै कार्यक्रमको शुरुवात गरिने छ।

१५) संघ-सस्थाहरु संग सहकार्य गरी विद्यालयहरुको कक्षा कोठा व्यावस्थापन र शिक्षकको क्षमता विकास जस्ता कर्यमा जोड दिइने छ।

१६) प्रत्येक माध्यमिक विद्यालय लक्षित किश्वरी सम्वाद कक्षालाई निरन्तरता कायम गर्न संघ-सँस्था संग साझेदारी गरिने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**(क) स्वास्थ्य तथा पोषणः**

१) वाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए, कार्यक्रमलाई प्रभावकारी बनाई प्रत्येक वडामा २ वर्ष मुनिका बाल बालिकाको लेखा जोखा गरी कुपोषित बालबालिकालाई विशेष पोषण प्याकेज कार्ग्रक्रम सञ्चालन गरिने छ।

२) यस पालिकाका ६० वर्ष माथिका जेष्ठ नागरिकलाई स्वस्थ्य स्याहार कार्यक्रम लागु गरिने छ।

३) यस पलाँता गाउँपालिकामा बसोबास गर्ने सहिद ,वेपत्ता ,घाईते परिवार तथा अपांङ्गता भएका व्याक्तिहरुलाई आवश्यक कार्यविधि बनाई स्वास्थ्य विमा गरिने छ ।

४) पलाँता अस्पतालमा रहेको फार्मेसि सेवालाई व्यवस्थित गरिने छ ।

५) भौगोलिक विकटता र आवश्यकताको मध्यनजर गरि स्वास्थ्य संस्था धौलागोह, खिन र थिर्पुको स्वास्थ्य चौकीलाई उपकरण र आवश्यक व्यबस्थापन गरिने छ।

६) पलाँता गा.पा.को प्रत्येक वडामा रहेका स्वास्थ्य इकाईहरुलाई पूर्वाधार र आवश्यक जनशक्तिको व्यावस्थापन गरि बर्थिङ सेन्टर सञ्चालन गर्न संघ , प्रदेस सरकार र संघ संस्थाहरु सित साझेदारी गर्न पहल गरिने छ। ( No More Home Delivery) गाउँ पालिकाको घोषणाको आधार तयार गरिने छ।

७) पलाँता अस्पतालको स्वास्थ्य क्षेत्रको गुणस्तरिय विकासको लागि आवश्यक पहल गरिने छ।

८) निःशुल्क औषधि वितरण कार्यक्रम बनाई केहि स-शुल्क औषधि वितरण गरिने छ।

९) यस पालिकामा सामुदायिक स्वास्थ्यलाई प्रभावकारि बनाउन समुदायमा नियमित स्वास्थ्य कर्मि भेटघाट कार्यक्रम अघि वढाईने छ।

१०) महिला स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रभावकारी गर्न पहल गरिने छ।

११) यस पालिकामा जनसंख्याको बढ्दो चापलाई न्युनिकरण गर्न **भेसेक्टोमी, मिनिल्याप** लगायतका स्थायी तथा अस्थायी साधन स्रोत लगायतका शिविर सञ्चालन गरिने छ।

१२) खोप सेवाको लागी भौगोलिक विकटतालाई ध्यानमा राखि उप केन्द्रहरुको व्यवस्थापन गरिने छ।

१३) पलाँता आयोर्वेदिक क्लिनिक वडा नं ४ मा सञ्चलनमा ल्याईने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**(ख) खानेपानी तथा सरसफाईः**

१) स्वच्छ खानेपानीमा सबैको सहज पहुँच पुर्याउने नीति अबलम्वन गरिने छ।

२) खानेपानी तथा सिंचाईका क्रमागत आयोजनाहरुलाई सम्पन्न गरिने छ।

३) पुराना नाउला,धारा संरक्षण गर्दै हिम पोखरी तथा वर्षा यामको पानीको रिजर्भ पोखरी निर्माण गर्ने नीति लिइने छ।

४) यस पालिकामा सबैभन्दा बढि खानेपानी समस्या भएका क्षेत्रहरुको समस्या समाधान गर्न पुराना योजनाहरु मर्मत गर्ने अधुरा आयोजनाहरु पुरा गर्ने र बहुउद्देश्यिय खानेपानी तथा सिंचाई आयोजनाहरुको पहिचान गरी यस पालिकाको खानेपानी समस्या समाधान गर्न स्थानिय सरकार,संघ, प्रदेस सरकार र संघ संस्थाहरु संग समन्वय र साझेदारि गरि खानेपानीको समस्या समाधान गरिने छ।

५) बजार व्यबस्थापन समितिलाई सक्रिय गरि फोहोर मैला व्यावस्थापन गरिने छ।

६) विभिन्न खालका पानीबाट सर्ने रोगहरुबाट उत्पन्न हुन सक्ने माहामारीबाट सुरक्षित रहन जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ।

७) खानेपानीको सहज पहुँचका लागी लिप्ट प्रविधिको विस्तार गरी कार्यन्वयनमा लगिने छ।

८) पालिका भित्रका स्वास्थ्य संस्था र स्कुलहरुमा खानेपानीको व्यावस्था गरिने छ।

९) नेपाल सरकारको मापदण्ड भित्र पलाँताका सबै जनतालाई आधारभुत स्तरको खानेपानी सुविधा उपलब्ध गराईने नीति अनुसार खा.पा. उपलब्ध गराउन खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा गरी कार्यन्वयन गरिने छ।

१०)खानेपानी सरसफाई स्वच्छता,मर्यादित व्यवस्थित ,घरवारी व्यवस्थापन तथा जिविकोपार्जन प्रवर्द्धन कार्यको लागी नीति लिइने छ।

११)पालिकामा खानेपानी वोर्ड स्थापना गरि खानेपानी तथा सरसफाईको व्यवस्थापन गरिने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**(ग) यूवा,खेलकुद,नव प्रवर्द्धन तथा मनोरञ्जनः**

१) गाउँपालिका खेलकुद विकास समितिलाई गठन गरि खेलकुद विकास रणनीति तयार गरिने छ।

२) यस पालिकामा रहेका सबै मा.वि. विद्यालयहरुमा खेल तथा अतिरिक्त क्रियाकलापका आधारभुत सामाग्रिहरुको व्याबस्था गरि शिक्षकलाई तालिम प्रादान गर्ने नीति लिइने छ।

३) संघ, प्रदेस सरकार सँग समन्वय गरि पालिका स्तरिय सुविधायुक्त रंगशाला निर्माण गर्ने पहल गरिने छ।

४) पालिकाको आफ्नै योजनामा र अन्य साझेदार संघ,संस्था मार्फत गाउँ पालिका स्तरिय र विद्यालय स्तरिय र पालिका स्तरिय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता,अध्यक्ष कप आयोजना गरिने छ।

५) एक वडा एक खेल मैदानको नीति आगामी वर्षबाट अवलम्बन गरिने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**(घ)महिला,वालवालिका तथा समाज कल्याणः**

लैङ्गिक समानता र समावेशिकरणः

१) लैङिगक हिंसा र घरेलु हिंसा अन्त्य गर्दै ,महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताका आधारमा महिला र वालबालिकाको संरक्षण,बचाउ,बिकास र सहभागितामा जोड दिने नीति लिइने छ।

२) लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारि बनाउन विभिन्न समितिहरुको गठन गरि थप प्रभवकारी बनाईने छ।

३) दलित, विपन्न,अपांङ्गहरुका लागि आवश्यकता र मागको आधारमा सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम लागु गर्ने नीति लिइनेछ।

४) एकल महिला विकासका लागी पलाँता सरकारले कार्यक्रम मार्फत आय आर्जन कर्यक्रम लागु गरिने छ।

५) बालश्रम,वालविवाहा, छाउपडि प्रथा जातिय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति लिईने छ।

६) जेष्ठ नागरिक सम्मान कार्यक्रमको नीति अवलम्वन गरिने छ।

७) महान जनयुद्ध तथा लोकतान्त्रिक आन्दोलनका शहिद परिवारजन,सन्ततिहरुको र घाईते अपांङ्ग योद्धाहरुलाई आयआर्जनका साथै सम्मान कार्यक्रमको नीति लिइने छ।

**४) वन वातावरण तथा विपद् व्यावस्थापनः**

**(क) वन तथा जैविक विविधताः**

१) यस पलाँता गाउँपालिकामा रहेका सुख्खा,उजाड र नाङ्गा डाँडा पाखाहरूमा वृक्षारोपण गर्न रैथाने वन नर्सरीहरुको स्थापना गरिने छ।

२) सामुदायिक,कवुलियती तथा निजि वन खाली वा बाँजो जगामा अनुकुलन हुने गरि फलफुल लगायत अन्य विरुवाहरुको रोपणमा जोड दिइने छ।

**(ख) भू-संरक्षण तथा जलाधार व्यावस्थाः**

१) गाउँ पालिका भित्र रहेका जंगलहरुमा हुने आगलागी रोक्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ.

२) पलाँता गाउँ पालिकामा रहेका सरकारी तथा सामुदायिक वन बिनासलाई रोक्न आवश्यक नीति अवलम्वन गरिने छ।

३) बाढी,पहिरो तथा भू-क्षय नियन्त्रणका लागि आवश्यकताका आधारमा तटबन्धन,घेरवार तथा जैविक वारको व्यवस्थापन गरिने नीति लिइने छ।

४) बाढी,पहिरो र भू-क्षयलाई रोक्न मुख्या सडक वाहेक अनाआवश्यक सडक खन्ने कार्यलाई रोक लगाईने छ।

**(ग) वातावरण तथा फोहोरमैला व्यावस्थापनः**

१) मानव क्रियाकलापबाट उत्पादित प्रदुषणलाई उचित व्यवस्थापन र प्रवन्ध मिलाई वातावरण मैत्रि विकासलाई बढावा दिने नीति अवलम्वन गरिने छ ।

२) प्राकृतिक र मानव सृजित फोहोरलाई निस्चित स्थानमा व्यवस्थापन गर्ने नीति लिईने छ ।

**(घ) विपद् व्यावस्थापन तथा जलवायू उत्थानशिलताः**

१) प्राकृतिक प्रकोपबाट हुने क्षतिलाई न्युनिकरणका लागी तालिम प्राप्त सामुदायिक स्यवम सेवक र सामाग्रिको व्यवस्थापन गरिने छ।

२) जयवायू परिवर्तनले पार्ने असरलाई मध्यनजर गरी उत्थानशिलता एवं सामना गर्न सक्षम समाजको हित र विकास गर्न विभिन्न निकायहरु सँग पहल गरिर विकासका कामहरु अगाडी वढाउने नीति लिईने छ।

३) पलाँता गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत न्युन भए पनि साझेदारी मार्फत पलाँता गाउँपालिकामा काम गर्न चाहाने संघ-सँस्थाहरु सँग ४ देखि ५ प्रतिशत सम्म साझेदारी गर्ने नीति लिइने छ ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष, वडा अध्यक्ष ज्यु,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**५) संस्थागत विकास सेवा प्रभाव र सुशासनः**

**(क) नीति,कानुन,न्याय तथा सुशासनः**

१) नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ धारा ४६ बमोजिम पलाँता गाउँ पालिका उपाध्यक्षको नेतृत्वमा गठित न्यायिक समितिलाई सक्रिय बनाई कार्यलय व्यवस्थित गरि कानुन सम्बन्धि एक जना विज्ञलाई कानुनि सल्लाहाकारको रुपमा आंशिक रुपमा नियुक्ति गरि परिचालन गरिने छ।

२) न्यायिक समितिले आफ्नो क्षेत्राधिकार भन्दा बाहिरका मूद्दा मामिलाहरु मात्र कानुनि उपचारको लागी माथिल्लो निकायमा पठाउने नीति लिइने छ।

३) स्थानिय सरकार सञ्चालन ऐनको धारा ४७ बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रका सम्पूर्ण कार्यहरु गरिने छ साथै सामान्य झगडा लेनदेनका कारणले समाजमा घट्ने घटना र विवादको कारण प्रहरी चौकी,जि.प्र.का. र अदालत धाउनु पर्ने समस्याको अन्त्य यसै वर्षबाट गर्ने नीति लिईने छ।

४) पलाँता गा.पा. को वडा नं ४ मा रहेको अस्थायी प्रहरी चौकिलाई स्थायी गर्नका साथै प्रहरी चौकीको नाममा जग्गा धनिपूर्जा पनि बनिसकेकोले स्थायी भवनको लागि प्रक्रिया अगाडी बढाईने छ।

५) समाजमा हुने व्याक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा , एकल महिला, वृद्ध भत्ता जस्ता कार्यक्रमलाई अनलाईन मार्फत थप प्रभावकारी गर्ने नीतिलाई अगाडी बढाईने छ।

६) **" जनता संग पलाँता सरकार"** को नारा अन्तरगत दुई महिनाको एक चोटी फरक-फरक स्थानमा जन कचहरीको आयोजना गरिने छ।

७) **" स्वच्छ,सम्वृद्ध र सु-सँस्कृत पलाँता"** को नारालाई आत्मसाथ गरी सूशासनलाई आधारभुत मान्यताका रुपमा कार्यान्वयन गरिने छ।

८) जनताको काममा र कार्यलयको हितमा सक्रिय राष्ट्र सेवकहरुलाई आवश्यक मापदण्ड र पुरस्कारको तयारि गरि उत्कृष्ट कर्मचारि घोषणा गर्ने नीति लिइने छ।

९) सरकारि तथा गैर सरकारी संघ-सँस्थाका कार्यक्रमलाई नियमन तथा अनुगमनको प्रक्रियालाई व्यवस्थित गर्ने नीति लिइने छ।

१०) पलाँता गाउँपालिकाका नौ वटै वडाहरुमा वडा विकास सँस्था गठन गरि जनसहभागिता अभिवृद्धि गर्ने कार्यको नीति लिईने छ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष ज्यु,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**(ख) संगठनात्मक,विकास मानव संसाधन तथा सेवा प्रवाहः**

१) जनप्रतिनिधि तथा राष्ट्र सेवक कर्मचारिहरुको क्षमता अभिवृद्धिको लागि विज्ञ द्धारा तालिम सञ्चालन गरिने व्यवस्था गरिने छ।

२) विकासी योजनामा रहेका उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि गर्नलाई तालिम कार्यक्रमको नीति लिइने छ ।

३) पलाँता गाउँपालिकामा कार्यरत राष्ट्र सेवक कर्मचारिहरुको पेशा प्रतिको इमान्दारिता र जिम्मेवारीको मुल्याङकनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने नीति लिइने छ।

**(ग) स्रोत परीचालनः**

१) विनियोजन वजेट आवश्यकताको आधारमा स्थानिय सरकार सञ्चलन ऐनको नीतिमा रहेर कार्यपालिकाको बैठकबाट रकमान्तर गर्न सकिने छ।

२) यस पालिकाको करको दर भन्दा दायरालाई वढाउन विशेष जोड दिइने छ ।

३) पलाँता गाउँपालिकामा हुने अनावश्यक खर्चको दायरा घटाउने नीति लिइने छ ।

४) पारदर्शिता,जवाफदेहिता , सु-शासनको लागी सार्वजनिक सुनुवाई,लेखापरिक्षण जस्ता कर्यको व्यवस्थापन शहित निरन्तरता दिइने छ ।

५) सुचनाको हक,प्रत्यक्ष भेटघाट सुचना तथा ,सुझाव पेटिका जस्ता विविध विषयको लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

**(घ) तथ्याङ्क प्रणाली र योजना व्यावस्थापनः**

१) पालिकाको वस्तु स्थिति झल्किने पार्स्व चित्र (profile) तयार भइसकेकोले पालिका भित्र गरिने सम्पुर्ण कार्यहरुमा यसको प्रयोग गर्ने नीति लिइने छ ।

२) प्रत्येक वडाहरुमा रहेका बस्तीहरुलाई आवश्यकता र समावेशिताको आधारमा योजना तर्जुमाको व्यवस्थापन तथा कार्यन्वयन गर्ने नीति लिइने छ ।

३) यस पालिकामा संचालन भएका सिपमुलक तालिम लिएका र विभिन्न ठाँउबाट सिप सिकेर आएका व्यक्तिहरुको अनुभवलाई संस्थागत रुपमा कार्यन्वयनमा लिइने नीति अवलम्बन गरिने छ ।

४) व्यवसायिक लगानी भएकाहरुको तथ्याङ्क संकलन, लाभग्राही विवरण तथा प्रविष्टि गरी प्राथमिकताको आधारमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

५) यस पालिकामा व्यवसाय सुरु गर्न इच्छुक व्यक्तिको लागि आवश्यक वातावरणको व्यवस्थापन गरिने छ ।

**आदरणीय गाँउसभाका उपाध्यक्ष,वडा अध्यक्ष ज्यु,सभाका सदस्य ज्यू एवम जन समुदायहरु,**

**विविधः**

१) जनताका दैनिक तथा भैपरि आउने समस्यालाई समाधान गर्न विपद व्यावस्थापन कोषका साथै गाउँपालिका अध्यक्ष,उपाध्यक्ष कोषको व्यावस्थापन गर्ने नीति लिइने छ ।

**अन्तमाः**

यस पलाँता गाउँपालिकाको नीति तथा कार्यक्रम बाट आर्थिक तथा विकासका क्रियाकलाप विस्तार गर्दा जनतालाई नजिकबाट सेवा प्रवाहा सुशासन कायम गर्ने, सामाजिक सुरक्षा तथा शिक्षा स्वास्थ्य,भौतिक पूर्वाधार, सरसफाई, खानेपानी, रोजगारी जस्ता अवसरहरुको सृजना हुने राज्यले लिएका नीति र विकासका लक्ष्य विभिन्न रणनीति योजना र लक्ष्य प्राप्तिमा महत्वपूर्ण भुमिका निर्वाहा गर्ने अपेक्षा गरेको छु ।

यस पालँता गाउँपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम बनाउन सहयोग गर्नु हुने यस पलाँता गाउँपालिकाका उपाध्यक्ष ज्यु, नौ वटै वडाका वडा अध्यक्ष ज्युहरु,गाउँपालिकाका सदस्य ज्युहरु,गाउँ सभाका सदस्य ज्युहरु, राजस्व परामर्श समिति,श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम समितिका सदस्य ज्युहरु,बजेट पूर्व तयारी छलफलका समयमा आ-आफ्नो क्षेत्रबाट सुझाव तथा सहयोग गर्ने पलाँतामा क्रियाशिल राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी,गैर सरकारी संघ- सँस्थाका प्रमुख तथा प्रतिनिधिहरु, नागरीक समाज तथा सामुदायिक संस्था,शिक्षक,सामाजिक संगठनहरु,सुरक्षा निकाय,पत्रकार बन्धुहरु र आम पलाँता बासी जनसमुदायहरु र प्रमुख भूमिका निर्वाह गर्ने यस गा.पा.का नि.प्रमुख प्रशासकिय अधिकृत कर्म सिं बम र सबैलाई हार्दीक धन्यवाद ज्ञापन गर्दै नीति तथा कार्यक्रम सफल,परिणाम मुखि र दिर्घकालिन विकासको लागि कार्यन्वयनमा सरोकारवाला सबैको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।

विष्णु बहादुर रोकाया
पलाँता गाउँपालिका
अध्यक्ष

विष्णु बहादुर रोकाया
अध्यक्ष